बैठक संख्या : ८५ स्थान : राप्ती नगरपालिका

मिती : २०७७।११।२७ गते समय : विहान ८:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसि निम्न प्रस्तावहरुमाथि छलफल गरियो ।

<u>उपस्थिति</u>

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

अधिकृत छैठौं श्री सारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

प्रस्तावहरु

१. महालेखा परिक्षकको प्रतिवेदन सम्वन्धमा ।

२. भुमि सम्वन्धि समस्या समाधान आयोगको प्रगति तथा आगामी कार्यहरु सम्वन्धमा ।

३. आवधिक योजना निर्माण सम्वन्धमा ।

४. फोहोर व्यवस्थापनका लागि मसिन खरिद सम्वन्धमा ।

५. घर नक्सा अभिलेखिकरण सम्वन्धमा ।

६. जनता आवास कार्यक्रम सम्वन्धमा ।

७. सडक बोर्ड नेपालको योजना कार्यान्वयन गर्ने सम्वन्धमा ।

८. संस्था दर्ता सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय नं.१**

आर्थिक बर्ष ०७६/७७ मा रासी नगरपालिकामा भएका आर्थिक कारोबारहरुको लेखा महालेखा परिक्षक बाट परिक्षण भइ प्रारम्भिक प्रतिवेदन समेत प्राप्त भएको अवस्थामा उक्त प्रतिवेदनमा उल्लेख भएका नियमित गर्नुपर्ने बेरुजुलाइ थप प्रमाण पेश गरी नियमित गराउने तथा असुल उपर गर्नुपर्ने तोकिएकालाई असुल उपर गर्न ताकेता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

भुमि सम्वन्धि समस्या समाधान आयोगको भुमीहीन दलित भूमीहीन सुकुम्वासी लाइ जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाइ व्यवस्थित गर्ने सम्बन्धि कार्यक्रम अन्तर्गत यस रासी नगपालिकाबाट हालसम्म के कति कार्यहरु सम्पादन भएका छन् सो सम्वन्धि कार्यहरुको सरोकारवाला पक्षहरुको जानकारीका लागि रिपोर्टिङ गर्ने निर्णय गरियो ।साथै यस पुर्व गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए वा बाँकी काम भए सो को विवरण "अधुरा कार्य सम्पादन कार्यविधि २०७७" को अनुसूची -२ बमोजिमको फारम तेह्रै वटा वडाहरुमा भर्न पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकाको आवधिक योजना निर्माण गर्न अति आवश्यक रहेको र उक्त आवधिक योजना निर्माण गर्न बजेट समेत आवश्यक हुने हुदाँ आवधिक योजना जस्तो महत्वपुर्ण दस्तावेज तयार गर्न आवश्यक विशेषज्ञ सहित सोको लागि लाग्ने बजेट समेत उपलब्ध गराइदिनुहुन प्रदेश नीति तथा योजना मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

रासी नगरपालिकामा भएको बढ्दो शहरीकरणका कारण उत्पादन भएको फोहोरमैला समयमै व्यवस्थापन गरी नागरिकको स्वस्छ बातावरणमा बस्न पाउने हकको शुनिश्चित गर्नका लागि नगरपालिका र रिकिसि संस्था बिच फोहरमैला व्यवस्थापन तथा अर्गानिक मल उत्पादन गर्नका लागि  यस अघिनै सम्झौता भएको र नसड्ने फोहोर व्यवस्थापन गर्न उक्त संस्थासंग माग भएकोले उक्त कार्य तत्काल अघाडी बढाउन मेसिनरी खरिद गर्नुपर्ने भएको हुदाँ उक्त मेसिन खरिदका लागि लाग्ने प्रस्तावित रकमको ५०% रकम नगरपालिका बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

रासी नगरपालिकामा भएका पुराना भवन लाइ अभिलेखिकरण गरि अव्यवस्थित भवन निर्माण कार्यलाइ रोक्न तथा भवन ऐन नियम निर्देशिका एवं नगरको मापदण्ड बमोजिम नक्सा पास गरेर मात्र भवन निर्माण प्रक्रिया अगाडी बढाउने उद्देश्यले  अर्को व्यवस्था नभए सम्मको लागि नक्सा पास नगरी बनेका घरहरुलाई अभिलेखिकरण कार्य स्थगित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

शहरी विकास तथा भवन कार्यालय, हेटौडा, मकवानपुर को मिति २०७७।११।१६ च नं. ४७३ को पत्रानुसार आ.व.०७७/७८को बार्षिक कार्यक्रम अन्तर्गतको जनता आवास कार्यक्रममा चितवन जिल्ला रासी नगरपालिकाबाट २६ वटा घर संख्या निर्धारण गरी पठाइएकोमा नगरका  लोपोन्मुख, अति सिमान्तकृत समुदायका विपन्न बर्गलाइ लक्षित गरी नगरका १३ वटा वडाहरुबाट प्रतिवडा कम्तिमा २ घर पर्ने गरी प्रत्येक वडाहरुबाट ७ दिन भित्र तोकिएको मापदण्ड बमोजिमको फर्मेटको निबेदन का साथै आवश्यक कागजात सेमेत नगरपालिकामा पेश गर्न वडालाई परिपत्र गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

आ.व ०७७/७८ मा कार्यान्वयन हुने गरी सडक बोर्ड नेपाल बाट प्राप्त बजेटबाट तपसिल बमोजिमका आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो

तपसिल

१. सिहंदेवी चोक देखि दुवाडी चोक सडक कंक्रिट नाला तथा सडक मर्मत संभार रासी ७ र रासी ८ सिमाना ।

२. सिमारा चोक देखी दक्षिण कालोपत्रे सडक मर्मत संभार रासी १ र २ सिमाना ।

साथै उक्त योजनाहरु कार्यान्वयनका लागि निर्दिष्ट फर्मेट अनुसार ल.ई. र सहमति पत्र तयार गरी सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ८

भण्डारा दोस्रो खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिको सम्झौता गर्न समिति दर्ता अनिवार्य प्रावधान भएकोले हाल सम्म सोको कार्यविधि समेत नबनेको हुदाँ र तत्काल संस्था दर्ता नभए बजेट कार्यान्वयनमा कठिनाइ देखिएकोले सो लाइ समेत समेट्ने गरी निकट भविष्यमै कार्यविधि तयार गर्ने गरी उक्त संस्था दर्ता गर्ने निर्णय गरियो ।